प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

सिराहा

(पशु विकास तथा प्रविधि प्रसार शाखा)

प.सं.:- २०७८ /७८ मिति:- २०७८ /०२/१६
च.नं.:- १९९

विषय:- सूचना टाँस गरी जानकारी पठाई दिनु हुन।

श्री जिल्ला स्थित सम्पूर्ण स्थानिय तहहरु सबै,
सिराहा।

प्रस्तुत विषयमा मिति २०७८/०२/१६ गतेको नवसंग्राम राष्ट्रिय दैनिक पत्रिकामा यस विज्ञ केन्द्रको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार संलग्न सूचना उल्लेखित कार्यक्रमहरु साझेदारीमा संचालन का लागि प्रस्ताव आह्वान सम्बन्धी संलग्न सूचना प्रकाशित भएको हुँदा तहाँको सूचना पाटीमा उक्त सूचना टाँसका लागि आवश्यक व्यवस्था मिलाई सो को जानकारी समेत यस विज्ञ केन्द्रमा पठाई दिनु हुन अनुरोध छ।

वोधार्थ:
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. २, जनकपुरधाम।
श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश नं. २, जनकपुरधाम।

दर्ता नं. १८४५
मिति ०७८/२/१६

बिरेन्द्र कुमार यादव
तयार गर्ने

सन्तोष कुमार सिंह
केन्द्र प्रमुख
केन्द्र प्रमुख

प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

## सिराहा

## प्रस्ताव आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित: मिति २०७८/०२/१६)**

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिराहाको आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतका देहाय बमोजिमका कार्यक्रमहरु सम्वन्धित कार्यक्रमहरुको प्राविधिक मापदण्ड तथा संचालन विधि तथा कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ ले तोके बमोजिमका शर्तहरु पालना गरी लागत साझेदारीमा संचालन गर्न ईच्छुक आवेदकहरुवाट तपसिल वमोजिमका कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन (मिति २०७८/०२/३०) सम्म यस विज्ञ केन्द्रमा कार्यालय समय भित्र सिलवन्दी प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौंटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। थप जानकारीका लागि विज्ञ केन्द्रको फोन नं. ०३३-५२०००८ वा पशु विकास तथा प्रविधि प्रसार शाखाका श्री विरेन्द्र कुमार यादव (अधिकृतस्तर छैठौं, ला.पो.डे.डे.) लाई मोबाईल नम्बर ९८४२९६६७२३ मा सम्पर्क गर्नु हुन अनुरोध छ।

देहाय:

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | लक्ष्य परिमाण | साझेदारहरु |
|---|---|---|---|---|
| १. | लेयर्स १०००/ब्रोईलर ३०००/स्थानीय कुखुरा ३००० तथा ५०० हाँस पालन (नगदे वस्तु) प्रवर्द्धन कार्यक्रम | संख्या | ४ | नीजि व्यवसायिक फर्म/कृषक उद्यमी |
| २. | अनुवान्शिक श्रोत केन्द्र लाम्पुच्छे भेंडा प्रवर्द्धन कार्यक्रम | संख्या | १ | नीजि व्यवसायिक फर्म/कृषक उद्यमी |

तपसिल:

१. रु. १०।- को हुलाक टिकट टाँसेको फा.नं.२ अनुसारको प्रस्ताव/आवेदन,
२. व्यक्तिको हकमा नीजको र कानून बमोजिम दर्ता भएका नीजि व्यवसायिक फर्मको प्रस्तावमा हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
३. सम्वन्धित निकायमा दर्ता भएको व्यवसायिक फार्म दर्ता प्रमाण-पत्रको प्रतिलिपि, स्थायी लेखा नम्वर (PAN) प्रमाण-पत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि,
४. फा.नं.३ अनुसारको संक्षिप्त व्यवसायिक कार्ययोजना, लागत प्रतिवद्धता र स्थानीय तहको पशुपन्छी/कृषि शाखाको सिफारिस,
५. तालिम, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु,
६. कार्यक्रम संचालन गर्नुपर्ने स्थानको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपूर्जा समेत करार पत्र (नोटरी पब्लिकवाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जूरीनामा (कम्तीमा ५ वर्ष अवधिको) समेत,
७. अन्य आवश्यक कागजातहरु।

पुनश्च: सूचना तथा निवेदन/प्रस्तावको ढाँचा विज्ञ केन्द्रवाट प्राप्त गर्नु हुन वा कार्यालयको वेबसाईट: https://vhlsecsiraha.p2.gov.np वाट डाउनलोड गर्नु हुन अनुरोध छ।